# महालेखा परीक्षकको कायांलय

## Office of the Auditor General

Phone: 42623
42624
42624
Fax: 977-1-42683
977-1-42627
Post Box: 133
बबरमहल, काठमाडौं),नेप
BabarMahal, Kathmandu
NEPAL

**डोर मुकाम, बैतडी**

**अ.छा.वे.**

पत्र संख्या: २०७४/०७५

च.नं.: १२८

मिति: २०७४/१०/२८

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुखज्यू,
पाटन नगरपालीका कार्यालय,
बैतडी ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३/०७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४/१०/२३ मा छलफल पश्चात् तयार गरिएको पाना १२ (बाह्र) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

..............................
नेत्रकुमार खत्री
( निर्देशक )

बोधार्थ तथा कार्यार्थ:
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार,काठमाडौं :- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
बैतडी :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
बैतडी :- प्रतिवेदन संलग्न छ ।

## आर्थिक कारोवारको स्थिती

| कार्यालय र स्थान | | नाम | कार्यरत अवधि | | वेरुजू रकम |
|---|---|---|---|---|---|
| पाटन नगरपालीका | कार्यालय प्रमुख | श्री दशरथराम ओड | २०७३/४/१ | २०७४/३/३१ | २३८३५७७०.४९ |
| | लेखा प्रमुख | श्री भाष्करदत्त अवस्थी | २०७३/४/१ | २०७४/१/१२ | २३८३५७७०.४९ |
| | | श्री लक्ष्मीदत्त भट्ट | २०७४/१/१ | २०७४/३/३१ | |
| साविक कैलापाल गा.वि.स | कार्यालय प्रमुख | श्री प्रेम सिंह विष्ट | २०७३/४/१ | २०७३/६/३० | ५९६६८ |
| | | श्री तेज बहादुर चन्द | २०७३/७/१ | २०३/११/२७ | |
| साविक सिद्धेश्वर गा.वि.स | कार्यालय प्रमुख | श्री लक्ष्मीकुमारी श्रेष्ठ | २०७३/४/१ | २०७३/५/३० | ४८८९९९.२ |
| | | श्री प्रेम सिंह विष्ट | २०७३/६/१ | २०७३/११/२७ | |
| साविक शिद्धपुर | कार्यालय प्रमुख | श्री डम्बरदत्त पन्त | २०७३/४/१ | २०७३/११/२७ | ९९५०४८ |

## पाटन नगरपालीका
## एकिकृत आय-व्ययको विवरण
### गाउं विकास समिति खर्च (फिर्ता समेत) २०७३।०४।०१ देखि २०७४ आषाढमसान्तसम्म

| क.सं | आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | साविक जिम्मेवारी | यसवर्षको आम्दानी | जम्मा | खर्च | जि.वि.स. फिर्ता | मौज्दात | जम्मा |
| क | साविकतर्फ २०७३।४।१-२०७३।११।२७ | | | | | | | |
| १ | सिद्धेश्वर | ४१७१९९.५९ | ६२५९०६७.३४ | ६६७६२६६.९३ | ४६८०५६० | ० | १९९५७०६.९३ | ६६७६२६६.९३ |
| २ | कैलपाल | १०१८०.३९ | ४६०६८२४.३४ | ४६१७००४.७३ | ३८२१५७०.२ | ० | ७९५४३४.५३ | ४६१७००४.७३ |
| ३ | सिद्धपुर | ११९३७.२४ | ३८५४०५०.३४ | ३८६५९८७.५८ | ३४१४१३७ | | ४५१८५०.५८ | ३८६५९८७.५८ |
| | जम्मा | ४३९३१७.२२ | १४७१९९४२.०२ | १५१५९२५९.२४ | ११९१६२६७.२ | ० | ३२४२९९२.०४ | १५१५९२५९.२४ |
| ख ) साविक पाटन न.पा | | | | | | | | |
| १ | पाटन न.पा. | ४४४३४२२.१० | ४७०७२३६०.८७ | ५१५१५७८२.९७ | ४०४९६९७०.१९ | | ११०१८८१२.७८ | ५१५१५७८२.९७ |
| | कुल जम्मा(क + ख) | ४८८२७३९.३२ | ६१७९२३०२.८९ | ६६६७५०४२.२१ | ५२४१३२३७.३९ | ०.०० | १४२६१८०४.८२ | ६६६७५०४२.२१ |
| ग) हाल कायम नगरपालिका तर्फ (२०७३।११।२८-२०७४।३।३१ | | | | | | | | |
| | पाटन नगरपालीका | १४२६१८०४.८२ | ९३७९२७४८.६४ | १०८०५४५५३.४६ | ७७६२१३२१.९० | ० | ३०४३३२३१.५६ | १०८०५४५५३.४६ |
| | जम्मा | १९१४४५४४.१४ | १५५५८५०५१.५३ | १७४७२९५९५.६७ | १३००३४५५९.२९ | ०.०० | ४४६९५०३६.३८ | १७४७२९५९५.६७ |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

भौ.नं,मिति र व्यहोरा

**१ पाटन नगरपालीकातर्फ (साविकको):**

(२०७३ साउन १ गते देखि २०७३फागुन २८सम्म)

आय-व्यय विवरण

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं | विवरण | ब.उ.शि.नं. | रकम | क्र.सं | विवरण | ब.उ.शि.नं. | रकम |
| १ | गत वर्षको अ.ल्या | | ४४४३४२२।१० | | | | |
| २ | सामाजिक सूरक्षा कार्यक्रम | ३६५०१५३ | २०५३६४००।०० | १ | सामाजिक सूरुक्षा | ३६५०१५३ | २०५३६४००।० |
| ३ | स्थानिय शासन तथा सामूदायी विकास कार्यक्रम | ३६५८१९३ | १०६१२९५।०० | २ | स्थानिय शासन तथा सामूदायी विकास कार्यक्रम | ३६५८१९३ | १०६१२९५।० |
| ४ | न.पा अनूदान चालू | ३६५८०३३ | ३०६६६६४।०० | ३ | न.पा अनूदान चालू | ३६५८०३३ | ३०६६६६४।० |
| ५ | न.पा अनूदान पुजिगत | ३६५८०३३ | ५७३४०९५।८७ | ४ | न.पा अनूदान पुजिगत | ३६५८०३३ | ५७३४०९५।८ |
| ६ | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | ३६५८१७४ | ८९८१०००।०० | | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | | ८९८१०००।० |
| | **नेपाल सरकार तर्फ जम्मा** | | **३९३७९४५४।८७** | | **नेपाल सरकार तर्फ जम्मा** | | **३९३७९४५४।** |
| ६ | कोष तर्फ | | **७६९२९०६।००** | ५ | कोष तर्फ | | **१११७५१५।३** |
| | | | | | बैंक मौज्दात कोष तर्फ | | **११०१८८१२।** |
| | **कूल जम्मा** | | **५१५१५७८२।९७** | | **कूल जम्मा** | | **५१५१५७८२।** |

**१ पाटन नगरपालीकातर्फ (हाल कायम भएको):**

(२०७३ फागुन २८ गते देखि २०७४ अषाढ मसान्त सम्म)

<u>आय-व्यय विवरण</u>

| आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | विवरण | व.उ.शि.न | रकम | क्र.सं | विवरण | रकम |
| १ | गतको अ.ल्या | | १४२६१८०४.८२ | | | |
| २ | सामाजिक सूरक्षा | ३६५०१५३ | १२०८७६००।०० | १ | सामाजिक सूरक्षा | ११०६७५००।०० |
| ३ | स्थानिय साशन तथा सामूदायिक विकास कार्यक्रम | ३६५८१९३ | १९९९७०५।०० | २ | स्थानिय साशन तथा सामूदायिक विकास कार्यक्रम | १५६५१६८।०० |
| ४ | न.पा अनूदान चालू | ३६५८०३३ | १५३३३३६।०० | ३ | न.पा अनूदान चालू | १५३३३३६।०० |
| ५ | न.पा अनूदान पुजिगत | ३६५८०३३ | ४३९६३९०४।१३ | ४ | न.पा अनूदान पुजिगत | ३१०४८८११।५० |
| ६ | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | ३६५८१७३ | ६१३२०००।०० | ५ | नगर पूर्वाधार | ४४५५०२६।०० |
| ७ | संघीय संरचना पूर्वाधार विकास | ६०२११० | १००००००००।०० | ६ | संघीय संरचना | ३२४०३१८।०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नेपाल सरकार तर्फको | | ७५७१६५४५।१३ | | नेपाल सरकार तर्फको | ५२९१०१५९। |
| | कोष तर्फ | | १८०७६२०३.५१ | ७ | कोष तर्फ | २४७१११६२। |
| | | | | | बैंक मौज्दात | ३०४३३२३१। |
| | | | | | कोष तर्फ | ७६२६८४५। |
| | | | | | नेपाल सरकारको | २२८०६३८५। |
| | कूल जम्मा | | १०८०५४५५३।४६ | | कूल जम्मा | १०८०५४५५३।४ |

उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांक
महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७४, समष्टिगत र इकाईगत स्वीकृत लेखापरीक्षण योजना
लेखापरीक्षणको उद्देश्य प्राप्तीका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखा
नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यावसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण
गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र
विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर कार्यालयका स
पदाधिकारीहरुसँग मिति २०७४।१०।२३ मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन् :

पाटन गाउपालीकाको आर्थिक कारोवार संग सम्वन्धित आर्थिक विवरण एवम श्रेष्ताहरुको लेखापरीक्षण ऐन ,२०
लेखापरीक्षणका अन्तराष्ट्रिय मापदण्ड तथा मार्ग दर्शनको आधारमा स्विकृत लेखापरीक्षण योजना भित्र रही लेखापरी
देखिएका व्यहोरा उपर सम्वन्धित व्यवस्थापनसंग छलफल गरिएको छ । स्थानीय निकायमा जनताको लागि सं
जवाफदेहीता बहन गरी स्थानीय विकास गर्न स्रोत साधन संकलन र परिचालन प्रजातान्त्रिक प्रक्रिया, पारदर्शी व
जनउत्तरदायी र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्न उन्मुख हुने तथा दिगो विकासको
आधारभूत सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजि क्षेत्रलाई सहभागी हुन प्रोत्साहन गरेको छ ।

**लेखापरीक्षणबाट देखिएको व्यहोराहरु**

नेपालको संविधानको धारा २२९ मा स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय स
कोष रहने, त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र
सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने
जम्मा हुनेव्यवस्था रहेको छ । यस आर्थिक बर्षमा साविक ३ गाउँ विकास समितिहरु र नगरपालीकाले पेश गरेको अ
विवरण र पेश भए सम्मको श्रेष्ताको लेखापरीक्षण गरिएको छ ।

१. **बैंक मौज्दात :**

नगरपालीका कार्यालयबाट प्राप्त आर्थिक विवरण अनुसार २०७४।३ मसान्तमा विभिन्न खातामा रु.३,०४,३३,२३१।५६
देखिएकोमा कार्यालयबाट प्राप्त बैंक स्टेटमेन्ट अनुसार उक्त मितिमा विभिन्न बैंक खातामा रु.३,९०,३१,६९४। रहेको देखि
छ । कार्यालयको लेखामा भन्दा बैंकमा रु.८५,९८,४६३। बढि देखिएकोले बाँकी मौज्दातको बैंक हिसाव मिलान विवरण
गरी मौज्दात यकिन गर्नुपर्दछ ।

२. **गत वर्षको जिम्मेवारी :**

कार्यालयले सम्बन्धित खातामा रहेको गत वर्षको मौज्दात २०७३।७४ को शुरु मौज्दातको रुपमा रु.४४,४३,४२
जिम्मेवारी सारेको छ । गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा रु.१४,७५,६४७ मात्रै अन्तिम मौज्दात देखाए
कार्यालयको अभिलेख अनुसारको मौज्दात जिम्मेवारी सारेको आधारमा यो वर्षको वित्तिय विवरण तयार भएको छ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली**

विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्
कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा मूर्ल्याकन गर्दा तपसिल वमोजिमको व्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक निय

| | |
|---|---|
| | प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।<br>• दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेमा सो अनुसार व्यवस्था गरेव पाईएन ।<br>• कार्यक्रमगत आम्दानी खर्च खाता राखेको छैन ।<br>• मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख आद्यावधिक गरेको छैन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु परिचान गरेको पाइएन ।<br>• अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजू अभिलेख व्यवस्थित छैन ।<br>• कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्मेवारी दिएको छैन ।<br>• वार्षिक रुपमा जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिला बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन,<br>• नगरपालीकावाट सम्वन्धित वडाहरुलाई खाता संचालन गरी वडाको खातामा रकम जम्मा गरिए पनि समयमा पेश्कि फर्छ्यौट गरि वडाका खाताहरु प्रमाणित गरिएको छैन। |
| ४. | **राजश्व असुली एवं दाखिला** :<br>आर्थिक कार्यबिधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैक दाखिला गर्नुपर्ने ,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउ जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारबाही समेतको व्यवस्था रहेको छ । त्यसैगर स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसा बिभिन्न श्रोतवाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानी तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गर राख्ने गरेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन गर्न कठिन भएको छ । बर्तमा स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित परिचालन हुनु पर्दछ । विभिन्न शिर्षकवाट प्राप् भएको रकमको आम्दानी गरी गोश्वारा भौचर उठाई राजश्वको तेरिज वनाई प्रमाणित गरी अभिलेखीकरण गरेको पाईएन । |
| ५. | **वार्षिक खरिद योजना तयार नगरेको:-** स्थानीय निकाय आर्थिक प्रशासननियमावली २०६४ को नियम ६२ (५) ले सार्वजनि निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षि कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । नगर क्षे पूर्वाधार विकास कार्यक्रम ब.उ.शि.नं.३६५८१७३ मा मात्र सार्वजनिक निर्माणको लागि रु.१,५१,१३,०००। बजेट व्यवस्था भएत पनि कार्यालयले वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । सार्बजनिक खरिद कार्यम पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबश्यक पर्ने भएकोले नियमको पालना हुनुपर्दछ । |
| ६. | **बरबुझारथ:**-संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.नं.१.१.३.४७९ मिति २०७३।१२।२५ क आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथ नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका गाँउ बिकास समितिको बेरुजु लगत तथा सम्परीक्षणक अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ । गत आ.व.२०७२।०७ को जिन्सी मौज्दात विवरण र पेश्कि योजनागत विवरण नगरपालीकामा अभिलेखीकरण गर्न वांकि देखियो । |
| ७. | **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश,२०७४ को दफा ७७ अनुसा गाँउपालिका वा नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ बिकास समिति वा नगर पालिका व |

| | |
|---|---|
| | त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । नगरपालिकाबाट साविक गा.वि.स.मा रहेका जिन्सी सामान यकिन गरि नगरपालिकाको अभिलेखमा समाहित गर्नुपर्दछ । |
| ८. | **स्थानीय संचित कोष**<br>स्थानिय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश २०७४ को दफा ६३ अनुसार गाउँपालीका वा नगरपालीकाको स्थानीय सञ्चित कोषसंग आवध्द हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वांकि रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले रु.१४,१६८।०९ संचित कोषमा दाखिला गरिनु पर्दछ । |

| वडा कार्यालय | रकम |
|---|---|
| ७ | ५२२१ |
| ८ र ९ | ८९४७.०९ |
| जम्मा | १४१६८.०९ |

| | |
|---|---|
| ९. | **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन सम्वन्धमा**<br>आ.व. २०७२।०७३ को लेखापरीक्षणको प्रतिवेदनवाट उल्लेखित योजनागत पेश्कि वेरुजु लगतको अभिलेख ,जिन्सि लगत एवं सो का कैफियत व्यहोराहरुको अद्यावधिक गरी फछ्र्यौट एवं नियमित गर्ने पध्दतीको विकास गरिएको देखिएन । साथै आ.व.२०७३।०७४ (२०७३।४।१ देखि २०७३।११।२७) सम्म) को आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका कैफियत एवं वेरुजुहरुलाई समेत फछ्र्यौट नगरेको तथा सोको लगत राखिएको छैन। |
| १०. | **दमकल खरिद :**<br>२०७३।१२।२० मा कार्यालयमा दमकल दाखिला गर्ने गरी इजि ग्रुप/सान्यो सप्लायर्स जे.भि. संग २०७३।११।४ मा रु.५९,९६,९८८। को खरिद सम्झौता भए अनुसार कार्यालयले उक्त दमकल २०७४।१।३ मा दाखिला गरेको आधारमा भौ.नं. ९ मिति २०७४।१।७ मा रु.५९,९६,९८८। खर्च लेखेको फाइल परीक्षण गर्दा निम्न बमोजिम भएको देखियो । |
| १०.१. | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६५ अनुसार लागत अनुमान तयार नगरेकोले नियमित देखिएन । नियमको पालन गरेर खरिद कार्य गर्नुपर्दछ । |
| १०.२. | सम्झौता हुँदाका बखत भन्सार छुट दिने व्यवस्था नभएकोमा कार्यालयले च.नं. १४७६ मिति २०७३।१२।२१ मा भैरहवा भन्सार कार्यालयलाई उक्त दमकलको भन्सार छुटको लागि पत्राचार भएकोमा के कति रकम छुट भयो लेखापरीक्षणमा भन्सार छुटको रकम उपलब्ध भएन । सम्झौता गर्दाको बखत उल्लेखित मुल्यमा सामान आपूर्ती गर्नुपर्दछ । भन्सार छुट पाएको रकम यकिन गरी पाएको उक्त रकम भएमा नेपाल सरकारको संचित कोष खातामा दाखिला गर्नुपर्दछ । |
| १०.३. | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२९ मा आपूर्तकको ढिलाइको कारणले तोकिएको म्यादमा सामान आपूर्ति नगरेमा सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । सम्झौतामा २०७३ चैत्र २० गते दमकल आपूर्ती गर्न पर्नेमा २०७४।१।३ मात्रै दाखिला भएकोले ढिला दिन १३ को पूर्वनिर्धारित क्षतिपूर्ति प्रति दिन ०.०५ प्रतिशत (सम्झौता रकमको) ले रु.३४,४९६। असुल गर्नुपर्दछ । |
| ११. | **ब.उ.शि.नं. ६०२११०३ संघिय संरचना पूर्वाधार विकास कार्यक्रम :**<br>**लागत अनुमान तयार गर्ने सम्बन्धमा :**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा रु.१ लाख भन्दा बढिको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने, स्थानीय |

| | |
|---|---|
| | निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६५ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धीत सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेका जिल्लाहरुको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिइ लागत अनुमान तयार गर्ने व्यवस्था छ । नगरपालीका कार्यालयले आवश्यक कम्प्युटर, फोटोकपी मेशिन आदि खरिद गर्न लमसम रु.१२,००,०००। लागत अनुमान तयार गरी शिलवन्दी दरभाउपत्र द्वारा आपूर्तीकर्ता उग्रतारा टेक्निकल गुड्स सप्लायर्स संग रु.११,९६,६००। मा खरिद गरेको छ । नियमानुसार प्रत्येक सामानको लागत अनुमान तयार गरी खरिदको सीमा भित्र शिलबन्दी दरभाउपत्र, बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गरी गराई खरिद गर्ने व्यवस्था हुनुपर्दछ । |
| १२. | सार्वजिनक खरिद ऐन, २०६३ को दफा ५ मा रु.१ लाख भन्दा बढिको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय नियका आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८३ मा मालसामान खरिद गर्दा सोझै आपूर्तीकतालाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयको लागी आवश्यक टेवल १० थान सोफा सेट, कुर्सी १० थान, दराज २ थान समेत खरिद गर्न लागत अनुमान तयार नगरी प्रा.स. डम्बर पन्तलाई पेश्की रु.४,००,०००। उपलब्ध गराई सामान खरिद गरेको छ । सामान खरिद गर्न नियमानुसार लागत अनुमान तयार गरी नियमानुसारको प्रक्रियाबाट खरिद गरी सम्बन्धितलाई भुक्तानी गरेको नदेखिएकोले नियमको पालनामा ध्यान दिनुपर्दछ । |
| १३. | **चालु खर्च खाता ग-२-१ ब.उ.शि.नं. ३६८००३३ तर्फ**<br>**खरिद कारवाहीको अभिलेख व्यवस्थापन :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी राख्नु पर्ने र खरिदको लागि सूचना प्रकाशित देखि खरिद क्रियाकलापको सम्पूर्ण कागजातहरुको फाइलको पंजिका तयार गरी फाइल खडा गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार निर्माण व्यवसायीहरुलाई निर्माण कार्यको रनिङ विल पेश भए अनुसार भुक्तानी भएको छ । उक्त निर्माण कार्यगर्न के कति लागत अनुमान तयार भई कसबाट लागत अनुमान स्वीकृती भई कुन पत्रिकामा कहिले सूचना प्रकाशित भयो सुचना प्रकाशित भए अनुसार के कति बोलपत्र तथा दरभाउपत्र विक्रि भई के कति दरभाउ पत्र दर्ता भएको छ, दर्ता भएका बोलपत्र तथा दरभाउपत्र कहिले कुन स्थानमा खोलिएको र बोलपत्र तथा दरभाउपत्र मुल्याङ्कन समितिबाट शिफारिश गरिएको र कहिले आयस पत्रको सूचना जारी गरी कहिले सम्झौता भई कहिले सम्म सम्पन्न गर्नुपर्ने अवधि छ । निर्माण व्यवसायीले सम्झौता अवधि भित्र सम्पन्न गर्न नसकी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसारको अवधिभित्र मनासिव कारण समेत उल्लेख गरी म्याद थपको निवेदन दिएको र कार्यालयबाट सो निवेदन तथा कारण मनासिव भए नभएको जाँचबुझ तथा परीक्षण भएको छ छैन यकिन गर्ने गरी खरिदको फाइल व्यवस्थापन गर्नुपर्नेमा कार्यालयले सो अनुसार फाइल व्यवस्थापन गरको देखिएन । यसले गर्दा हरेक ठेक्काको सूचना तत्काल पाउन नसकिने अवस्था रहेको छ । सार्वजनिक खरिद सम्बन्धि फाइल व्यवस्थापन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । |

| निर्माण व्यवसायीको नाम | कामको विवरण | विल नं. | भौ.नं./ मिति | काम सम्पन्न रकम |
|---|---|---|---|---|
| एस के निर्माण सेवा | पाटन लिंक रोड स्तरोन्नती | प्रथम रनिङ विल | ४-०७४/१/७ | ३८७६५८ |
| | | दोस्रो रनिङ विल | २-०७४/२/४ | १९७१०८ |
| | | | | ५८४७६६ |
| एस के निर्माण सेवा | तोला वस्ती सडक निर्माण कार्य | प्रथम अन्तिम विल | ११०-०७४/३/३० | ४८०१२७ |
| ग्वालेक कैलाश जे.भि. | तीलकडा गरुडा बजार सडक स्तरोन्ती | प्रथम रनिङ विल | १६-०७४/१/१५ | १५७८५०२ |
| | | दोस्रो रनिङ विल | १०९-०७४/३/३० | ३४१२८६८ |
| | | | | ४९९१३७० |
| ग्वालेक कैलाश जे.भि. | भवन निर्माण कार्य | प्रथम रनिङ विल | ११२-०७४/३/३० | १५५८९४९ |
| | | **जम्मा** | | ७६१५२१२ |

१४. **उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको काम सम्बन्धमा :**

१४.१. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) ग मा उपभोक्ता समिति वा लाभग्राही समुदाय हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदाय बैठकबाट अनुमोदन गराई सम्बन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति तथा लाभग्राही स उपस्थीतमा खर्चको विल भरपाई तथा खर्चको विवरण अनुमोदन गराई पेश गर्नुपर्नेमा उपभोक्ता समिति पदाधिकारीहरुमात्रको उपस्थितीमा खचृको विवरण अनुमोदन गर्ने गरेको छ । लाभग्राही समुदायहरु लगायतको उपस्थिति खर्चको विल भरपाई र खर्चको विवरण र फोटो सहितको प्रमाण संलग्न गरी सार्वजनिक लेखापरीक्षण प्रतिवेदन लिइ मा उपभोक्ता समितिलाई अन्तिम भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।

| उपभोक्ता समितिको नाम | भौ.नं. | खर्च रकम |
|---|---|---|
| अठतोला वाटुलासो वयलचौर सडक नि.उ.स. | ३५-०७४/२/२२ | ४८०००० |
| चुच्चाइ खोल्सी सुकेली सडक नि.स. | ३३-०७४/२/१८ | ६००००० |
| गरुडा जडाकोट मा.वि. गुजर सडक तथा ढोडे बाज खानेपानी योजना | ३६-०७४/२/२२ | ३००००० |
| कहछचर ओराली सडक नि.उ.स. | ४९-०७४/२/३१ | ६००००० |
| वगर मेल्चौरा डसिली सडक नि.स. | ५२-०७४/३/१ | ६००००० |
| ओरालीगडा वसलपुर स.नि.उ.स. | ८६-०७४/३/२२ | ७३०००० |
| जोलावाभ्र वस्तीपाखाधार स.नि.उ.स. | ९२-०७४/३/२५ | ६००००० |
| गुरुखोला मुस्याचौर वसन्तपुर | ९३-०७४/३/२५ | ६००००० |
| जम्मा | | |

१४.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (ङ) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको कुल खर्चको विवरण तथा निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान सुपरीवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । नगरपालीका कार्यालयले अभिलेख राख्ने व्यवस्था गरेको छैन । उपभोक्ता समितिले निर्माण कार्य समितिले निर्माण कार्य सम्पन्न गरी सकेपछि नियमानुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरी स्थायी रुपमा अद्यावधिक अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ ।

१४.३. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) ज निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । नगरपालीका कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भए पछि सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी हस्तान्तरण गर्ने कार्य भए गरेको छैन । उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएपछि नियमानुसार जिम्मेवारी तोकी हस्तान्तरण गर्ने व्यवस्था हुनुपर्दछ ।

१४.४. आयकर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करारवापत रु.५०,०००। भन्दा बढि रकम भुक्तानी दिँदा भुक्तानी रकममा १.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । वगर मेल्चौरा डँसिली सडक निर्माण उपभोक्ता समितिले एस के निर्माण सेवाको मुल्य अभिवृद्धि कर बाहेक रु.४,८८,७००। को विजकमा १.५ प्रतिशतले रु.७,३३१। कर कट्टा गर्नुपर्नेमा रु.७९७ मात्र कट्टी गरेकोले नपुग कर रु.६,५३४। प्राप्त भएको देखिएन । नियमानुसार कर कट्टा गरी राजश्व दाखिला गर्ने सम्बन्धमा कार्यालयबाट अनुगमन गरी असुल गर्ने आवश्यक व्यवस्था गर्नुपर्दछ ।

१५. ११५-०७४।३।३०

स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(६) मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँचगर्नुपर्ने व्यवस्था छ । प्रा.स. डम्बर दत्त पाण्डेलाई बाल मैत्री घोषणा तथा वाल मैत्री प्रोफाइल पाटन नगरपालीका वडा नं. २ र ३ को तयारी गरेको भनी प्रोफाइल संलग्न नगरी निजको पेश्की रु.२,००,०००। फछ्र्यौट गरेको छ । बाल मैत्री घोषणा तथा बालमैत्री प्रोफाइल पेश नगरी विल भरपाईको आधारमा पेश्की फछ्र्यौट गरेको नियमित देखिएन । अत उक्त प्रोफाइल तयार गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| १६. | **नापी किताव :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५घ) मा उपभोक्ता समितिले गरेको निर्माण कार्य मुल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधार अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । निम्न बमोजिम उपभोक्ता समितिद्वारा संचालित योजनामा नापी किताव संल नगरी अन्तिम भुक्तानी रु.९,७७,६८५। गरेको पाइयो । सम्बन्धित योजनाको नापी किताव पेश हुनुपर्दछ । |

| वडा नं. | भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | गा.वि.स भुक्तानी |
|---|---|---|---|---|---|
| ८,९ | १०-०७४/२/१९ | विचार ग्रामिण सडक निर्माण | ग्रामिण सडक निर्माण | ८६८८०.५ | ८०००० |
| | ११-०७४/२/२१ | विजयपुर टकरे ग्रामिण कृषि सडक | ग्रामिण सडक निर्माण | ८७६०१.५ | ८०००० |
| | ३१-०७४/२/२८ | सिद्देश्वर वचत तथा ऋण सहकारी संस्था | भवन मर्मत | १०८३०४.९८ | ५६६८५ |
| | ४५-०७४/३/१ | श्री ज्ञानेश्वर मा.वि. विजयपुर | फिल्ड निर्माण | १११२४० | १००००० |
| १० | ७-०७४/३/२ | खोड्पे सल्लेवासा सडक निर्माण | सडक निर्माण | ३५२९०० | २४०००० |
| | १२-०७४/३/१८ | श्री अनारखेनी गैलेक चपडा दामडी ग्रामिण कृषि सडक | सडक निर्माण | १९४१०० | १४०००० |
| | १६-०७४/३/१९ | मन्दिर निर्माण सेवा | निर्माण कार्य | ९६००० | ७०००० |
| | २०-०७४/३/१९ | पुष्पाञ्जली महिला संजाल | खेल मैदान | २१४८८० | २११००० |
| | | **जम्मा** | | | ९७७६८५ |

| | |
|---|---|
| १७. | **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम**<br>**कर विजक :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको विलभरपाई सहित लेख राख्नुपर्ने व्यवस्था छ । निम्न गोश्वारा भौचरहरुबाट निम्न बमोजिम रकम भुक्तानी गर्दा फोटोकपि विलको आधारम रु.२,९९,५०७ भुक्तानी गरेको पाइयो । सक्कल विल पेश हुनुपर्दछ । |

| गो.भौ.नं.मिति | आपूर्तकको नाम | मुल्य अभिवृद्धि कर | जम्मा |
|---|---|---|---|
| ५-०७३/८/२ | सांग्रिला माइक्रोसिस्टम प्रा.लि. | १७२२५ | १४९७२५ |
| ९-०७३/६/१७ | समर्पण कन्सल्टेन्सी प्रा.लि. | १७२३२ | १४९७८२ |
| | जम्मा | ३४४५७ | २९९५०७ |

| | |
|---|---|
| १८. | **अनुदान :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा तोकिएको बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने तथा नियम ४६(३) मा खर्च गर्दा खर्चको विलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. २३ मिति २०७४।३।२० बाट भुमेश्वर सामुदायिक विकास संघलाई रु.२,३९,०००। अनुदान रकम भुक्तानी दिएकोमा खर्चसाथ खर्चलाई पुष्ट्याई गर्ने प्रमाण संलग्न गरेको छैन । सम्बन्धित संस्थाले उक्त रकम आफ्नो आय विवरणमा समावेश गरेको देखिने गरि तयार भएको लेखापरीक्षण प्रतिवेदन समेत पेश हुनुपर्दछ । |
| १९. | **पेश्की बाँकी**<br>पाटन नगरपालिकाले चालु आ.व.मा दिइएको पेश्की रु. १,३२,५०,६७९ आर्थिक बर्षको अन्त सम्म पनि फछ्र्यौट नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४को नियम १९० र १९२ अनुसार फछ्र्यौट गर्नुपर्ने देखियो । |

| ब.उ.शि.नं. (कार्याक्रम) | पेश्की लिने पदाधिकारी/वडा | पेश्की रकम |
|---|---|---|
| ३६५८०३३ नगरपालीका अनुदान तर्फ | डम्बर दत्त पन्त | ५०००० |
| | ग्वाल्लेक कैलाश जे.भि. | ४४१३५७९ |
| | पाटन भ्याली क्लब | ८००० |

| | | | | |
|---|---|---|---|---|
| | | ३६५०१५३ (सामाजिक सुरक्षा भत्ता) | आनन्द सिंह बोहरा | १३००० |
| | | | वडा नं. ७ | ३४३०४०० |
| | | | वडा नं. ८ र ९ | ३३९४५०० |
| | | | वडा नं. १० | १९४१२०० |
| | | | जम्मा | १३२५०६७९ |

२०. **गत विगतको पेश्की :**

साविक निम्न गाउँ विकास समितिले फछ्र्यौट गर्न बाँकी रहेको पेश्की रु.३,४८,१२५। फछ्र्यौट नभएकोले उक्त पेश्की यस नगरपालीकाको लेखामा जिम्मेवारी सारी असुल फछ्र्यौट गर्नुपर्दछ ।

| सि.नं. | साविक गा.वि.स. | पेश्की रकम |
|---|---|---|
| १ | सिद्देश्वर गा.वि.स. | २८३००० |
| २ | कैलपाल गा.वि.स. | ४०००० |
| ३ | सिद्धपुर गा.वि.स. | २५१२५ |
| | जम्मा | ३४८१२५ |

२. साविकको गाउँ विकास समितितर्फ (२०७३ श्रावण १ गते देखि २०७३ फागुन २७ सम्म)

**२.१ सिद्धेश्वर गाउँ विकास समिति बैतडी**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १.गत वर्षको मौज्दात | ४१७१९९.५९ | ४१७१९९.५९ | १.यो वर्षको खर्च | | ४६८०५६० |
| **२.यो वर्षको आम्दानी** | | **६२५९०६७.३४** | चालु(सा.स.तथा अन्य समेत) | ४६९२३० | |
| चालु | ३६२००० | | पूजिगत | २५१५९३० | |
| पूजिगत | ३३९३६८८.३४ | | सा.स. | १६९५४०० | |
| सामाजिक सुरक्षा | १७५४६०० | | २.यस बर्षको मौज्दात | | १९९५७०६.९३ |
| आन्तरिक आय | १००२१३ | | **ग ४ १ मुल कोष खाता बैंक मौज्दात** | ३२७४३.९३ | |
| युनिसेफ | २४८४५० | | **ग २ १ चालु खाता** | | |
| जि.वि.स. अन्य अनुदान | ३५८००० | | बैंक मौज्दात | २०६ | |
| दाखिला गर्न बाँकी संचयकोष | ४२११६ | | ग २ २ पुजींगत खाता | १८६४०४४ | |
| | | | नगद | ९८७१३ | |
| जम्मा | | ६६७६२६६.९३ | जम्मा | | ६६७६२६६.९३ |

२१. गाउँ विकास समितिको मिति २०७३।११।२७ गतेको बैंक नगदी किताबमा नगद महलमा देखिएको बाँकी रु.९८७१३। मध्ये रु.८८,८९९।२ नगरपालीकाको संचित खातामा जम्मा गरी बाँकी रु.९,८१३।८० रहेकोमा सम्बन्धित जिम्मेवार निकायले नगरपालीकाको संचित खातामा जम्मा गर्नुपर्ने देखिएकोले असुल उपर गरी दाखिला गर्नुपर्दछ ।

२२. **नापी किताव :**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५घ) मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको मुल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । निम्न बमोजिम उपभोक्ता समितिद्वारा संचालित योजनामा नापी किताव संलग्न नगरी अन्तिम भुक्तानी रु.४,००,०००। गरेको पाइयो । सम्बन्धित योजनाको नापी किताव पेश हुनुपर्दछ ।

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | गा.वि.स भुक्तानी |
|---|---|---|---|---|
| २८-०७३/११/११ | श्री सिद्ध दिप नि.मा.वि. | खेल मैदान निर्माण | ६०००० | ६०००० |
| २७-०७३/११/१० | खोड्पे धारी ग्रामिण सडक निर्माण | कृषि सडक | ८८३२२.५० | ७५००० |

| | | | | |
|---|---|---|---|---|
| ०९-०७३/७/२६ | ज्ञानेश्वर उ.मा.वि. | खेल मैदान निर्माण | २२७११५ | २२५००० |
| ०७-०७३/६/१९ | सिद्दिप नि.मा.वि. | भवन मर्मत | ६६१३९.२२ | ४०००० |
| | जम्मा | | | ४००००० |

**२.२ कैलपाल गाउँ विकास समिति बैतडी**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १.गत वर्षको मौज्दात | | १०१८०.३९ | **१.यो वर्षको खर्च** | | ३८२१५७०.२० |
| **बैंक मौज्दात** | १३६.३९ | | चालु(सा.स.तथा अन्य समेत) | ५४५४३९.२० | |
| नगद मौज्दात | १००४४ | | पूजिगत | १४८९७३१ | |
| **२.यो वर्षको आम्दानी** | | ४६०६८२४.३४ | सा.स. | १७८६४०० | |
| चालु | ३६२००० | | **२.यस बर्षको मौज्दात** | | ७९५४३४.५३ |
| पूजिगत | २४२३०२३.३४ | | **ग ४ १ मुल कोष खाता बैंक मौज्दात** | ३२५०२३.७१ | |
| सामाजिक सुरक्षा | १७८६४०० | | **ग २ १ चालु खाता** | | |
| आन्तरिक आय | ३५४०१ | | बैंक मौज्दात | १३४६११.०२ | |
| | | | ग २ २ पुजींगत खाता | २९०३५४ | |
| | | | नगद | ४५४४५.८० | |
| जम्मा | | ४६१७००४.७३ | जम्मा | | ४६१७००४.७३ |

२३. गा.वि.स.को मिति २०७३।११।२७ गतेको बैंक नगदी कितावमा नगद महलमा देखिएको बाँकी रु.५,९६६।८ सम्बन्धित जिम्मेवार निकायले नगरपालीकाको संचित खातामा जम्मा गर्नुपर्ने देखिएकोले असुल उपर गर्नुपर्दछ ।

**२.३ सिद्धपुर गाउँ विकास समिति**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **१.गत वर्षको मौज्दात** | | ११९३७.२४ | **१.यो वर्षको खर्च** | | ३४१४१३७ |
| **बैंक मौज्दात** | ५४६६.२४ | | चालु | ५२१५३७ | |
| नगद मौज्दात | ६४७१ | | पूजिगत | १९११८०० | |
| **२.यो वर्षको आम्दानी** | | ३८५१०५०.३४ | सा.स. | ९८०८०० | |
| चालु | ३६२००० | | **२.यस बर्षको मौज्दात** | | ४४८८५०.५८ |
| पूजिगत | २४२३०२३.३४ | | **बैंक** | ४१९०२९.५८ | |
| सामाजिक सुरक्षा | ९८८८०० | | **नगद** | २१८२१ | |
| आन्तरिक आय | १७००० | | सा.सु. नगद | ८००० | |
| दाखिला गर्न बाँकी | ६०२२७ | | | | |
| | | | नगद | | |
| जम्मा | | ३८६२९८७.५८ | जम्मा | | ३८६२९८७.५८ |

२४. गा.वि.स.को मिति २०७३।११।२७ गतेको बैंक नगदी कितावमा नगद महलमा देखिएको बाँकी रु.२९,८२१। सम्बन्धित जिम्मेवार निकायले नगरपालीकाको संचित खातामा जम्मा गर्नुपर्ने देखिएकोले असुल उपर गर्नुपर्दछ ।

२५. आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कट्टी भई दाखिला गर्न बाँकी रु.३,३७३। राजश्व दाखिला गर्नुपर्दछ ।

२६. गाउँ विकास समितिको आय-व्ययमा कर्मचारी संचय कोष कट्टी रु.५६,८५४। दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

२७. **नापी किताव :**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५घ) मा उपभोक्ता समितिले गरेको निर्माण का मुल्यांकन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न प्रतिवेदन र नापी किताबको आधा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ । निम्न बमोजिम उपभोक्ता समितिद्वारा संचालित योजनामा नापी किताव सं नगरी अन्तिम भुक्तानी रु.९,०५,०००। गरेको पाइयो । सम्बन्धित योजनाको नापी किताव पेश हुनुपर्दछ ।

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | गा.वि.स भुक्तानी |
|---|---|---|---|---|
| १३-०७३/९/२० | नेउलाली सडक निर्माण | कृषि सडक निर्माण | २५१२८० | ५००० |
| १२-०७३/९/१० | पताली सडक | कृषि सडक निर्माण | ११३९०५ | ५००० |
| १८-०७३/१०/३ | मटे ग्रामिण कृषि सडक | कृषि सडक निर्माण | २१२४७८ | ५००० |
| २९-०७३/११/२४ | हतास वन्तड नेउलाली सल्लेवास सडक | सडक खन्ने काम | ४३७६८८ | २६५०० |
| ३१-०७३/११/२४ | मटे डुब्के सिगास सडक | सडक निर्माण | १८६९५० | १०००० |
| २८-०७३/११/२४ | हतास-कैसिलीबाज सडक | सडक निर्माण | ४१५५७५ | ३९००० |
| | जम्मा | | १६१७८७६ | ९०५०० |

स्रोत उपयोग र उपलब्धिको विवरण
(हाल कायम भएको गाउँपालिकामा प्रयोग गर्ने )

| क.सं | स्रोत | मुख्य उपलब्धिहरु |
|---|---|---|
| १ | यसवर्षको आम्दानी रु. १७४७२९५९५.६७ | बजेट खर्च रु.१३००३४५५९.२९ |
| २ | भौतिक पूर्वाधार<br>भवन संख्या १० वटा भवन वडाहरुमा<br>सवारी साधन संख्या १ गोटा | कार्यक्रम उपलब्धि<br>• कार्यालयमा दमखल खरिद<br>• ग्रामिण सडक निर्माण<br>• कार्यालय व्यवस्थापन गरिएको<br>• सामाजिक सुरक्षा भत्ताको लागि MIS मा Entryगरिएको |

**वेरुजू वर्गीकरण**

| क.सं | वेरुजू वर्गीकरण | दफा नं | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | १०.३ | ३४४९६ |
| | असुल गर्नुपर्ने | १४.४ | ६५३४ |
| | असुल गर्नुपर्ने | २१ | ९८१३.८० |
| | असुल गर्नुपर्ने | २३ | ५९६६.८ |
| | असुल गर्नुपर्ने | २४ | २९८२१ |
| | असुल गर्नुपर्ने | २५ | ३३७३ |
| २ | नियमित गर्नुपने | | |
| | • अनियमित भएको | | |
| | • प्रमाणकागजात पेश नभएको | १ | ८५९८४६३ |
| | • प्रमाणकागजात पेश नभएको | ८ | १४१६८.०९ |
| | • प्रमाणकागजात पेश नभएको | १५ | २००००० |
| | • प्रमाणकागजात पेश नभएको | १६ | ९७७६८५ |
| | • प्रमाणकागजात पेश नभएको | १७ | २९९५०७ |
| | • प्रमाणकागजात पेश नभएको | १८ | २३९००० |
| | • प्रमाणकागजात पेश नभएको | २० | ३४८१२५ |
| | • प्रमाणकागजात पेश नभएको | २२ | ४००००० |
| | • प्रमाणकागजात पेश नभएको | २६ | ५६८५४ |
| | • प्रमाणकागजात पेश नभएको | २७ | ९०५००० |
| | • जिम्वेवारी नसारेको | | |
| | • शोधभर्ना नलिएको | | |
| ३ | पेश्कि : | | |
| | • कर्मचारी | | |
| | • मोबिलाईजेसन | | |
| | • प्रतितपत्र | | |
| | • संस्थागत | १९ | १३२५०६७९ |
| ४ | सैध्दान्तिक | २,३,४,५,६,७,९,१०.१,१०.२,११,१२,१३,१४.१,१४.२,१४.३, | |

द्रटव्य : कार्यान्वयन गर्नुपर्ने र रकम खुल्ने दफालाई लगति र अन्य दफालाई सैध्दान्तिक बेरुजू कायम गरिएको छ ।